यस बाँसगढी नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री खड्क बहादुर खड्का ज्यूको अध्यक्षतामा निम्न मिति,समय र स्थानमा बैठक बसि देहायका प्रशताव उपर छलफल गरि निर्णय गरियो ।

बैठक नं. १२५

मिति:-२०८१/०८/१०

समय:- दिनको १:०० बजे

स्थान:- नगर कार्यपालिका भवन बाँसगढी ,बर्दिया

<u>बैठकमा भएको उपस्थिति:</u>

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खड्क बहादुर खड्का | नगर प्रमुख | |
| २ | इन्दिरा चौधरी | नगर उपप्रमुख | |
| ३ | जयराज पाण्डे | कार्यपालिका सदस्य | |
| ४ | अर्जुन कुमार खड्का | कार्यपालिका सदस्य | |
| ५ | रामचन्द्र थारु | कार्यपालिका सदस्य | |
| ६ | कृष्णप्रसाद बास्तोला | कार्यपालिका सदस्य | |
| ७ | दहवा थारु | कार्यपालिका सदस्य | |
| ८ | लाल बहादुर क्षेत्री | कार्यपालिका सदस्य | |
| ९ | बलिराम चौधरी | कार्यपालिका सदस्य | |
| १० | तुलप्रसाद गौतम | कार्यपालिका सदस्य | |
| ११ | चन्द्र बहादुर शाही | कार्यपालिका सदस्य | |
| १२ | बुद्धिमाया सार्की | कार्यपालिका सदस्य | |
| १३ | सरिता तिवारी | कार्यपालिका सदस्य | |
| १४ | मनिता चौधरी | कार्यपालिका सदस्य | |
| १५ | राधिका रावत | कार्यपालिका सदस्य | |
| १६ | जेनिसा वली | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १७ | गगन सिं बि. क. | कार्यपालिका सदस्य | |
| १८ | याम बहादुर सुनार | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| १९ | भद्र बहादुर परियार | कार्यपालिका सदस्य | |
| २० | नोखिराम ओली | सचिव | (हस्ताक्षर) |

बैठक व्यवस्थापनमा उपस्थित कर्मचारीहरु

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शेर बहादुर के.सी. | सहायक चौथो | (हस्ताक्षर) |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

बाँसगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाँसगढी, बर्दिया
५ नं. प्रदेश, नेपाल

नेखिराम ओली
प्रमुख प्रशासकीय अधिकृत

बाँसगढी नगरपालिका नगर कार्यपलिको बैठक नं.१२५ मा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति : २०८१/०८/१० समय:दिनको १:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख श्री खडक बहादुर खड्का

प्रस्ताव नं.: १

प्रस्तावको विषय : आँखा अस्पतालमा कार्यरत कार्यालय सहयोगीको तलब सम्बन्धमा।

कानूनी आधारहरु : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

निर्णय हुनुपर्ने विषय : आँखा अस्पतालमा कार्यरत कार्यालय सहयोगीको तलब सम्बन्धमा।

निर्णय :बर्दिया आँखा अस्पताल आँखा उपचार केन्द्र बाँसगढीमा कार्यालय सहयोगी पदमा कार्यरत देबका कुमारी बि.सी.लाई मिति २०८१।०३।३१ गते बसेको ११९ औ कार्यपालिका बैठकको निर्णायानुसार मासिक रु.१५,५००।–(पन्ध्र हजार पाँच सय) दैनिक ज्यालादारीमा राख्ने निर्णय भएको र मिति २०८१ श्रावण देखि असोज महिना सम्म दैनिक ज्यालादारीमा निजलाई मासिक रु.१५,५००।-का दरले रु.४६,५००।–(छयालीस हजार पाँच सय) पारिश्रमिक बापत निजको नाममा भुक्तानी भई सकेको र आ.ब.२०८१।०८२ को बाँकी ९ महिनाको निजको मासिक पारिश्रमिक रु.१५,५००।–(पन्ध्रहजार पाँच सय) का दरले हुन आउने रकम रु. १,३९,५००।–(एक लाख उन्चालीस हजार पाँच सय) रुपैया बर्दिया आँखा अस्पताल गुलरियाको बैक खातामा निकासा उपलब्ध गराउने।

प्रस्ताव नं.:२

प्रस्तावको विषय : घर नक्शा अभिलेखिकरण सम्बन्धमा।

निर्णयको कानूनी आधारहरु : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

निर्णय हुनुपर्ने विषय : घर नक्शा अभिलेखिकरण सम्बन्धमा।

भएको निर्णय : नगर क्षेत्रमा निर्माण भएका सम्पूर्ण घरहरुको नक्सा पास भएको हुनु पर्ने कानूनी ब्यवस्था भएकोमा नगरबासीले नक्सा पास नगराई मिति २०७४ साल भन्दा अगाडी घर निर्माण गरी सकेको भए त्यस्तो घरहरुलाई नगरपालिकाले अभिलेख राखी नियमन गर्नका लागि नगरपालिका बाट बिभिन्न मिति मा सूचना प्रकाशन भएकोमा उक्त सूचनाको म्याद भित्र अभिलेखिकरण गराउन छुट भएका घरधनिहरुको लागि पुन: एक पटक अन्तिम पटकका लागि २ महिनाको सार्वजनिक सूचना प्रकाशन गर्ने।

प्रस्ताव नं.:३

प्रस्तावको विषय : नगर सभा बैठक सम्बन्धमा।

निर्णयको कानूनी आधारहरु : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

निर्णय हुनुपर्ने विषय : नगर सभा बैठक सम्बन्धमा।

भएको निर्णय :यस बाँसगढी नगरपालिकाको १६ औ नगर सभा बैठक मिति २०८१ साल पौष महिना १८ गते दिनको ११:०० बजे नगरपालिकाको सभा हलमा बस्ने।

प्रस्ताव नं.:४

प्रस्तावको विषय : बजार निरिक्षणको लागि जिम्मेवारी तोक्ने सम्बन्धमा।

निर्णयको कानूनी आधारहरु : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

निर्णय हुनुपर्ने विषय : बजार निरिक्षणको लागि जिम्मेवारी तोक्ने सम्बन्धमा।

भएको निर्णय : यस बाँसगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा बारुण यन्त्र /दमकलमा कार्यरथ अग्नि नियन्त्रक नगेन्द्र कुमार थारु र महेन्द्र कुमार थारुलाई बाँसगढी नगरपालिका अन्तर्गतका बजारहरुको निरिक्षण गर्नको लागि अग्नि नियन्त्रकको अतिरिक्त थप जिम्मेवारी तोक्ने र सोका लागि थप सुबिधा बापत जनही मासिक रु.५०००।–

नेखिराम ओली
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(पाँच हजार रुपैया) का दरले रकम उपलब्ध गराउने। साथै निजहरुलाई कार्यालयको तर्फ बाट खादिमा हरियो रंगको पोशाक उपलब्ध गराउने।

प्रस्ताव नं.:५

प्रस्तावको विषय : बिवरण संकलन सम्बन्धमा।

निर्णयको कानूनी आधारहरु : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

निर्णय हुनुपर्ने विषय : सिप मुलक कार्यक्रमको बिवरण संकलन सम्बन्धमा।

भएको निर्णय : यस बाँसगढी नगरपालिका अन्तर्गत रहेका यूवाहरुको रोजगारमूलक सिप बिकासका लागि सिप सिक्न चाहाने यूवाहरुको बिवरण सम्बन्धित वडा कार्यालय बाटै संकलन गर्ने ब्यवस्था मिलाउने।

प्रस्ताव नं.:६

प्रस्तावको विषय : सार्वजनिक सुनुवाई सम्बन्धमा।

निर्णयको कानूनी आधारहरु : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

निर्णय हुनुपर्ने विषय : सार्वजनिक सुनुवाई सम्बन्धमा।

भएको निर्णय :यस बाँसगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाट चालु आ.ब.२०८१।०८२ को प्रथम चौमासिकमा सम्पादित भएका कामहरुको मिति २०८१।०८।३० गते दिनको ११:३० बजे वडा नं. ८ को वडा कार्यालय ककौरामा सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गर्ने र सो अगावै बिषयगत समितिको बैठक बसी एकमुष्ट कार्यालयको प्रगति तयार गर्ने।

प्रस्ताव नं.:७

प्रस्तावको विषय : आधारभूत स्वास्थ्य केन्द्र ककौराको भवन माग सम्बन्धमा।

निर्णयको कानूनी आधारहरु : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

निर्णय हुनुपर्ने विषय : आधारभूत स्वास्थ्य केन्द्र ककौराको भवन माग सम्बन्धमा।

भएको निर्णय :यस बाँसगढी नगरपालिका वडा नं. ८ ककौरामा रहेको आधारभूत स्वास्थ्य केन्द्र ककौराको भवनबाट सेवा ग्राहीहरुलाई स्वास्थ्य सेवा उपलब्ध गराउन समस्या भएकाले उक्त स्वास्थ्य संस्थाको भवन निर्माणको लागि आवश्यक ब्यवस्था मिलाई दिनु हुन नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामसाहपथ काठमाण्डौमा अनुरोध गर्ने।

प्रस्ताव नं.:८

प्रस्तावको विषय : सवारी साधन माग गर्ने सम्बन्धमा।

निर्णयको कानूनी आधारहरु : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

निर्णय हुनुपर्ने विषय : चार पाङ्ग्रे सवारी साधन माग गर्ने सम्बन्धमा।

भएको निर्णय :यस बाँसगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा हाल सम्म १ (एक) मात्र चारपाङ्ग्रे सवारी साधन भएकाले योजना अनुगमन निरिक्षण तथा कार्यालय सम्बन्धी अन्य काम काजको लागि अप्ठ्यारो भएकाले १ (एक) वटा चार पाङ्ग्रे सवारी साधन उपलब्ध गराइ दिनुहुनको लागि नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरबार काठमाण्डौमा अनुरोध गर्ने।

प्रस्ताव नं.:९

प्रस्तावको विषय : आयोजनाहरुको म्याद थप / समर्थन गर्ने सम्बन्धमा।

निर्णयको कानूनी आधारहरु : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

निर्णय हुनुपर्ने विषय : आयोजनाहरुको म्याद थप / समर्थन गर्ने सम्बन्धमा।

भएको निर्णय:-

नोखिराम ओली
प्रमुख प्रशासकीय अधिकृत

नौविराम घर्ती
प्रमुख प्रशासकीय अधिकृत

बाँसगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाँसगढी, बर्दिया
नेपाल

१.यस बाँसगढी नगरपालिकामा बिगत आर्थिक बर्षहरु देखि सम्झौता भई सञ्चालनमा रहेका तपसिल अनुसारका आयोजनाहरु बिभिन्न कारणवस सम्पन्न हुन नसकेका र सम्पन्न हुने अवस्थामा रहेकाले अन्तिम पटकको लागि निम्न अनुसारका आयोजनाहरुको तपसिल बमोजिम म्याद थप गर्ने।

तपसिल

| सि.नं. | ठेक्का नं. | आयोजनाको नाम | निर्माण व्यवसायीको नाम | आयोजना सम्पन्न गर्नु पर्ने मिति | म्याद थप मिति |
|---|---|---|---|---|---|
| १ | BM/NCB/2078/79-13 | मुक्त कमैया दुर्गाफाँटा बाटो स्तरोन्नति क्रमागत | प्रेम निर्माण सेवा | २०७९/१२/३० | २०८१/१०/२९ |
| २ | BM/NCB/2078/79-16 | शिव मन्दिर देखि दाङपुर दमौली सडक क्रमागत वडा नं.७ र ६ | प्रेम निर्माण सेवा | २०७९/१२/३० | २०८१/१०/२९ |
| ३ | BM/NCB/2079/80-18 | ककौरा कोल डाँडा सडक कालो पत्रे क्रमागत वडा नं. ८ | यादव कन्स्ट्रक्सन | २०८१/०३/३१ | २०८१/१०/२९ |
| ४ | BM/NCB/2079/80-24 | रामचन्द्रको घर देखि कालि बहादुरको घरहुँदै नेचहरा सम्म सडक स्तरन्नोती क्रमागत वडा नं.४ | बागेश्वरी कन्स्ट्रक्सन | २०८०/०६/२० | २०८१/०८/३० |
| ५ | BM/NCB/2079/80-32 | लक्ष्मणा जुरैना सडक निर्माण क्रमागत | सुर्खेती खड्का निर्माण सेवा प्रा.लि. | २०८०/११/१५ | २०८१/१०/२९ |
| ६ | BM/NCB/2079/80-33 | नगर कार्यपालिकाको प्रशासनिक भवनमा पर्खाल तथा सडक निर्माण क्रमागत | आर.बि.कन्स्ट्रक्सन | २०८०/११/१५ | २०८१/११/२९ |
| ७ | BM/NCB/2080/81-13 | ट्याङ्की ड्यामबाडा कल्भर्ट निर्माण वडा नं. २ क्रमागत | सुर्खेती खड्का निर्माण सेवा प्रा.लि. | २०८१/०७/३० | २०८१/१०/२९ |
| ८ | BM/NCB/2080/81-26 | चिसापानी हाटबजारमा ट्रष्ट र शौचालय निर्माण वडा नं. ९ क्रमागत | आ.र.सि. बिल्डर्स | २०८१/०७/३० | २०८१/१०/२९ |
| ९ | BM/NCB/2080/81-25 | राजमार्गको उत्तर तर्फ सिंचाई आयोजना क्रमागत | सेती -महाकाली मार्क जे.भी. | २०८१।०९।२९ | २०८२/०२/३० |

२. यस बाँसगढी नगरपालिका संग सम्झौता भई सञ्चालनमा रहेका तपसिल अनुसारका आयोजनाहरु बिभिन्न कारणवस सम्पन्न हुन नसकेकाले सम्झौताको म्याद थपको लागि निर्माण ब्यवसायीहरु बाट निबेदन प्राप्त भई बिभिन्न मितिमा यस कार्यालयबाट म्याद थप भएका निम्न अनुसारका आयोजनाहरुको म्याद थपको निर्णयलाई समर्थन गर्ने

तपसिल

| सि.नं. | ठेक्का नं. | आयोजनाको नाम | निर्माण व्यवसायीको नाम | आयोजना सम्पन्न गर्नु पर्ने मिति | म्याद थप मिति |
|---|---|---|---|---|---|
| १ | BM/NCB/2078/79-03 | जीवन ज्योती मा.बि.राँझाको भवन निर्माण क्रमागत | धिताल बिल्डर्स | २०८१/०९/२९ | २०८१/११/२९ |
| २ | BM/NCB/2078/79-04 | जनता मा.बि.बेलवाको बिद्यालय भवन निर्माण वडा नं. २ क्रमागत | धिताल बिल्डर्स | २०८१/०९/३० | २०८१/११/२९ |

प्रमुख प्रशासकीय ...

बाँसगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाँसगढी, बर्दिया ५ नं. प्रदेश, नेपाल

नोखिराम ओली
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | BM/NCB/2079/80-12 | दशरथ चन्द आ.बि.गौरीपारा भवन निर्माण क्रमागत | लुभानी कन्स्ट्रक्सन | २०८०/०९/३० | २०८१/०९/३० |

प्रस्ताव नं.:१०

प्रस्तावको विषय : स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान रकम बाँडफाँड सम्बन्धमा।

निर्णयको कानूनी आधारहरु : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

निर्णय हुनुपर्ने विषय : स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान रकम बाँफाँड सम्बन्धमा।

भएको निर्णय:-यस बाँसगढी नगरपालिकामा चालु आ.ब. २०८१।०८२ मा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान कार्यक्रम अन्तर्गत बिनियोजित बजेट रु.१,६५,००,०००|–(एक करोड पैसट्ठी लाख रुपैया) लाख बाट तपसिल अनुसारका बिद्यालयहरुमा भवन निर्माणको लागि निम्न अनुसारको बजेट बिनियोजन गर्ने।

तपसिल

| सि.नं. | बिद्यालयको नाम | बिनियोजित बजेट रकम रु. | कै |
|---|---|---|---|
| १ | श्री महादेव आ.बि.महादेवा बाँसगढी ३ बर्दिया | ५५,००,०००|- | |
| २ | श्री जीवन ज्योति मा.बि. राँझा बाँसगढी २ बर्दिया | ५५,००,०००|- | |
| ३ | श्री बिश्व ज्योती आ.बि. कुइनेठी बाँसगढी ९ बर्दिया | ५५,००,०००|- | |
| | जम्मा | १,६५,००,०००|- | |

प्रस्ताव नं.:११

प्रस्तावको विषय : बिबिध सम्बन्धमा।

निर्णयको कानूनी आधारहरु : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

निर्णय हुनुपर्ने विषय : बिबिध सम्बन्धमा।

भएको निर्णय:-

१. थारु कल्याणकारी सभाको २३ औ महाधिवेशन मिति २०८१ मंसिर १,२ र ३ गते रुपन्देहीको भैरहवामा सम्पन्न भएकाले उक्त महाधिवेशनको लागि रु.१५,०००|–(पन्ध्र हजार रुपैया) आर्थिक सहयोग उपलब्ध गराउने।
२. नेपाल नेत्र ज्योति संघ बर्दिया आखा अस्पतालले मिति २०८/०६/१० गते देखि १५ गते सम्म यस बाँसगढि नगरपालिका अन्तर्गतका बिभिन्न वडाहरुमा आँखा जाँच, उपचार तथा मोतिबिन्दु छनौट शिबिर संचालन गरी शल्यक्रिया गर्नु पर्ने बिरामीहरुको मिति २०८१/६/२१ र २२ गते निशुल्क रुपमा आँखाको शल्यक्रिया सम्पन्न गरेको हुँदा उक्त शिबिरमा प्रचार प्रसार समन्वय तथा शल्यक्रिया गर्नु पर्ने बिरामीहरुलाई ९ वटै वडा बाट बर्दिया आँखा अस्पताल मधुवन ६ ताराताल बर्दिया सम्म ओहोर दोहोरका निम्ति बर्दिया आँखा अस्पताललाई कार्यालय बाट १८०(एक सय असी) लि. डिजेल उपलब्ध गराउने।

प्रस्ताव नं.: १२

प्रस्तावको विषय : आर्थिक सहायता सम्बन्धमा।

निर्णयको कानूनी आधारहरु : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

निर्णय हुनुपर्ने विषय : आर्थिक सहायता सम्बन्धमा।

नोखिराम ओली
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

बाँसगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाँसगढी, बर्दिया ५ नं. प्रदेश, नेपाल

नोखिराम ओली
प्रमुख प्रशासकीय अधिकृत

भएको निर्णय : यस बाँसगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा बिभिन्न मितिमा आर्थिक सहयोगको लागि माग भई आएको हुँदा निम्न अनुसारका व्यक्तिहरुलाई अन्य सामाजिक सुरक्षा शिर्षक बाट तपसिल अनुसारको आर्थिक सहयोग प्रदान गर्ने ।

तपसिल

| सि.नं. | व्यक्तिको नाम र ठेगाना | सहयोग गर्नु पर्ने कारण | सहयोग गर्ने निर्णय भएको रकम | रकम व्यहोर्ने शीर्षक |
|---|---|---|---|---|
| १ | राम बहादुर थापा बाँसगढी ४ | निजको आमा हरिकला पुलामी मगर्नी उच्च रक्त चापका कारण बिरामी भई उपचार भै रहेकाले थप उपचारको लागि | ८,००० | अन्य सामाजिक सुरक्षा |
| २ | गंगा कुमारी बि.क. बाँसगढी २ | निजको पति यम बहादुर कामी पेट सम्बन्धी रोग बाट ग्रस्त भई उपचार भै रहेकोले थप उपचारको लागि | १०,००० | अन्य सामाजिक सुरक्षा |
| ३ | बिर बहादुर खत्री बाँसगढी ३ | निज मुटु सम्बन्धी रोग बाट ग्रस्त भै उपचार भै रहेकोले थप उपचारको लागि | २५,००० | अन्य सामाजिक सुरक्षा |
| ४ | जानकी चौधरी बाँसगढी ६ | निजको पति लाल बहादुर सुखरियाको पिसाब नलीमा पत्थरी भै मृगौलामा समस्या भएकाले थप उपचारको लागि | १०,००० | अन्य सामाजिक सुरक्षा |
| ५ | लक्ष्मण यादव बाँसगढी ७ | निजको छोरा दुर्गेश यादव लिभर एपसेस रोग बाट पिडित भै उपचार भईरहेकाले थप उपचारको लागि | १०,००० | अन्य सामाजिक सुरक्षा |

प्रस्ताव नं.: १३

प्रस्तावको विषय : आङ्गिक क्याम्पस सञ्चालन गर्ने सम्बन्धमा ।

निर्णयको कानूनी आधारहरु : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ ।

निर्णय हुनुपर्ने विषय : आङ्गिक क्याम्पस सञ्चालन गर्ने सम्बन्धमा ।

भएको निर्णय : यस बाँसगढी नगरपालिकाको उच्च शैक्षिक बिकास एबम् उच्च प्राबिधिक जनशक्ति उत्पादन गरी रोजगारीका अवसरहरु सिर्जना गर्न यस पालिकामा स्नातक तह प्राबिधिक धार तर्फको कार्यक्रम सञ्चालन गर्न आवश्यक रहेकोले लुम्बिनी प्रदेशमा रहेको गौरवको योजना अन्तर्गत लुम्बिनी प्रबिधिक बिश्वबिद्यालयको कृषि,वन,पर्यटन अध्ययन संस्थान अन्तर्गत स्नातक तहमा शैक्षिक कार्यक्रम सञ्चालन गर्नका लागि यस नगरपालिकाको आर्थिक तथा पूर्वाधारमा लगानी हुने गरी लुम्बिनी प्राबिधिक बिश्वबिद्यालयको आङ्गिक क्याम्पस सञ्चालन गर्ने र सो प्रयोजनको लागि आवश्यक कागजात तयार गर्न,समन्वय ,छलफल,अन्तरक्रिया लगायतका कार्य गर्नका लागि बाँसगढी बहुमुखी क्याम्पस बाँसगढीका उपप्राध्यापक एबं शैक्षिक ब्यक्तित्व श्री ईश्वरी प्रसाद रिजाललाई सम्पर्क ब्यक्तिका रुपमा जिम्मेवारी तोक्ने ।

नोखिराम ओली
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

प्रस्ताव नं.:१४

प्रस्तावको विषय : सडक बोर्ड नेपाल लागत साझेदारीमा सञ्चालन गर्ने आयोजना छनौट सम्बन्धमा

निर्णयको कानूनी आधारहरु :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

निर्णय हुनुपर्ने विषय : सडक बोर्ड नेपाल लागत साझेदारीमा सञ्चालन गर्ने आयोजना छनौट सम्बन्धमा।

भएको निर्णय : सडक बोर्ड नियमावली २०६० परिच्छदेद (३) नियम (९) बमोजिम सडक बोर्ड नेपाल संग साझेदारीमा यस बाँसगढी नगरपालिकामा चालु आ.ब.२०८१/०८२ मा प्राबिधिक लागत स्टिमेट अनुसार आयोजना/कार्यक्रम सञ्चालन गर्नको लागि निम्न अनुसारका आयोजना/कार्यक्रम छनौट गरि नियमानुसार लागत साझेदारीका लागि प्रतिबद्ता सहित प्रसहमतिका लागि सडक बोर्ड नेपालमा प्रस्ताव पेश गर्ने।

तपशिल

१. खड्क बहादुर सुनारको घर देखि दाङपुर देवकीनन्दन त्रिपाठीको घर सम्म जाने सडक वडा नं. ९।
२. पिपलचौतारा देखि बनमुडवा जाने सडक वडा नं. २।
३. बेलौली पश्चम टोल रिङ्रोड वडा नं. ८।
४. कुरुल्ले - भंगाहा सडक वडा नं. १ ।
५. वडा नं. ३ लखना सामुदायीक भवन – डम्पिङ्ग साईड जाने सडक वडा नं. ३।

प्रस्ताव नं.:१५

प्रस्तावको विषय : कार्यालय सहयोगी सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धमा।

निर्णयको कानूनी आधारहरु :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

निर्णय हुनुपर्ने विषय : कार्यालय सहयोगी सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धमा।

भएको निर्णय :यस बाँसगढी नगरपालिका वडा नं. ९ को वडा कार्यालयमा कार्यालय सहयोगी नभएकाले १(एक) जना कार्यालय सहयोगी सेवा करारमा पदपूर्ति गर्ने ब्यवस्था मिलाउने।

**स्थानीय सरकार सञ्चालान ऐन,२०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणित गर्ने**

**नाम,थर : नोखिराम ओली**
**कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत**
**मितिः २०८१।८।१० गते**

नोखिराम ओली
प्रमुख प्रशासकीय अधिकृत